# जोरायल गाउँपालिका डोटीको

## वार्षिक सार्वजनिक सुनुवाइ कार्यक्रम

(आ.व.२०८१/०८२)

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

## कार्यक्रम प्रतिवेदन

| सहजिकरण गर्ने संस्था : | आयोजक : |
| --- | --- |
| नजर मिडिया प्रा.लि.<br>डोटी | जोरायल गाउँपालिका<br>रावतकट्टे, डोटी |

Najar Media Pvt. Ltd.
Dipayal Silgadhi-4 Doti

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकट्टे, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

**पृष्ठभूमि :**

सेवाप्रदायक सार्वजनिक निकायहरुले पारदर्शी र जवाफदेही हुन सके सुशासन कायम हुनसक्छ, अन्यथा सुशासन कायम गर्न समस्या हुन्छ भन्ने कुरालाई ध्यानमा राख्दै सरकारले हरेक सार्वजनिक निकायहरुले अनिवार्य रुपमा सार्वजनिक सुनुवाई गर्नुपर्ने नीतिगत तथा कानूनी व्यवस्था गरेको छ । सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र नियमावली २०६५ ले सार्वजनिक निकायहरुले प्रत्येक चार महिनामा कम्तीमा एक पटक सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था गरेको छ । यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) ले स्थानीय तहले सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई जस्ता विधिहरुको प्रयोग गरि पारदर्शीता कायम गर्नुपर्ने कुरामा जोड दिएको छ । यस्तै स्थानीय तहको सुशासन प्रवर्द्धन रणनीति तथा कार्ययोजना, २०७४ ले स्थानीय तहहरुले आफै कानून बनाई सामाजिक जवाफदेहीताका औजारहरु प्रयोग गर्नुपर्ने कानूनी व्यवस्था गरेको छ ।

यही नीतिगत व्यवस्था अनुसार जोरायल गाउँपालिका, डोटीले सार्वजनिक सुनुवाई कार्यविधि, २०७८ तयार गरि प्रयोगमा ल्याएको छ । गाउँपालिकाले पारित गरेको कार्यविधिमा वर्षमा तीन पटक फरक-फरक ठाउँमा सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था गरेको छ । आर्थिक वर्षभरीका सबै गतिविधिहरुको सुनुवाई गर्ने गरि जोरायल गाउँपालिकाले मिति २०८२ साउन ३ गते आयोजना गरेको आ.व.२०८१/८२ को वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रममा आएका कुराहरुलाई लिपीबद्ध गरी सम्बन्धित निकायहरुसम्म पुऱ्याउने एवं कमीकमजोरीहरु सुधारका लागि कार्ययोजना निर्माण गर्न सहयोग पुऱ्याउने उद्धेश्यले यो प्रतिवेदन तयार गरिएको हो ।

**कार्यक्रमको लक्ष्य** :- सार्वजनिक सुनुवाई कार्यक्रम गरी जनताका गुनासा तथा जिज्ञासाहरुको उत्तर सम्बन्धित क्षेत्रकै सरोकारवालाहरुबाट दिन लगाउने ।

**कार्यक्रमको उद्धेश्यहरु** :-

१) सार्वजनिक सुनुवाई गरी जनताका समस्याहरुलाई सम्बन्धित निकायमा पुऱ्याउने ।
२) जनताका समस्या, जिज्ञासा र गुनासाहरु समाधान गर्नका लागि सरोकारवाला सेवाप्रदायकका प्रतिनिधिबाट जवाफ दिन लगाउने ।
३) जनताको सेवामा सरोकारवाला निकायलाई जवाफदेही बनाउने ।

**सार्वजनिक सुनुवाई कार्यक्रमका चरणहरु :**

**क) सार्वजनिक सुनुवाई पहिले तयारी चरण :**

**१. नागरिक प्रतिवेदन पत्र तयारी** : जोरायल गाउँपालिकामा सेवा लिन आएका व्यक्तिहरुसँग सेवाको गुणस्तर, सेवाप्रदायकको व्यवहार, सेवाग्राहीले सेवा लिन लागेको समय, सेवाग्राहीको सन्तुष्टि तह लगायतका प्रश्नहरु समावेश गरि उनीहरुको घरमै गएर ३० जना व्यक्तिहरुसँग नागरिक प्रतिवेदन पत्रका लागि सूचना संकलन गरिएको थियो । जोरायल गाउँपालिका डोटीको सार्वजनिक सुनुवाइ कार्यविधी २०७८ को दफा ४ को उपदफा (१) सँग सम्बन्धित अनुसूचि १ अनुसार सेवाग्राहीहरुले दिएको प्रतिक्रियाका आधारमा नागरिक प्रतिवेदन पत्र तयार गरि सार्वजनिक सुनुवाईमा प्रस्तुत गरिएको थियो । कर्मचारीहरु र जनप्रतिनिधिहरु प्रतिका सेवाग्राहीका गुनासाहरु समेत समावेश गरि तयार

गरिएको प्रतिवेदनमा सार्वजनिक सुनुवाईका क्रममा सम्वन्धित जवाफदेही वक्ताहरुले आफ्नो प्रतिक्रिया दिएका थिए ।

२. **मिति, समय र स्थान निर्धारण :** यस चरण अन्तरगत सार्वजनिक सुनुवाईका लागि मिति, समय र स्थानको निर्धारण गरि सेवाग्राही तथा सरोकारवालाहरुलाई सार्वजनिक सूचना जारी गरिएको थियो । सार्वजनिक सुनुवाईका लागि सरोकारवाला र सेवाग्राहीहरुलाई पालिकाको वेवसाइट, सूचना पाटी र आधिकारिक फेसबुक पेजमा सूचना प्रकाशन तथा एफएम र अनलाइनमार्फत सूचना प्रकाशन/प्रसारण गरी आमन्त्रण गरिएको थियो ।

३. **बहिर्गमन मत संकलन :** जोरायल गाउँपालिका, गाउँपालिकाका ६ वटै वडा र विषयगत शाखाहरुमा सेवा लिन आएका व्यक्तिहरुसँग सेवाको गुणस्तर, सेवा प्रदायकको व्यवहार, सेवाग्राहीले सेवा लिन लागेको समय, सेवाग्राहीको सन्तुष्टि तह लगायतका प्रश्नहरु समावेश गरि ३१ जना व्यक्तिहरुसँग बहिर्गमन मत संकलन गरिएको थियो । जोरायल गाउँपालिका डोटीको सार्वजनिक सुनुवाइ कार्यविधी २०७८ को दफा ४ को उपदफा (१) सँग सम्बन्धित अनुसूचि २ अनुसार बहिर्गमन मतबाट आएको सेवाग्राहीहरुको सन्तुष्टि तहको विषयमा पनि गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रममा प्रतिवेदन सार्वजनिक गरी छलफल गरिएको थियो ।

**ख) कार्यक्रम चरण (सार्वजनिक सुनुवाई सञ्चालन चरण) :**

यस चरणमा जोरायल गाउँपालिकाको खेलकुद हलमा सार्वजनिक सुनुवाई सञ्चालन गरिएको थियो । बिहान ११ बजे शुरु गर्ने भनिएको भए पनि कार्यक्रम दिउँसो १:३० बजेमात्रै कार्यक्रम शुरु भएको थियो । शुरुमा औपचारिक कार्यक्रमको सञ्चालन पत्रकार झलक बहादुर पालीले गर्नुभएको थियो । कार्यक्रमको सहजीकरण प्रमूख सहजकर्ता पत्रकार रामहरी ओझाले गर्नुभएको थियो । त्यसपछि पालिकाको शाखागत प्रस्तुतीका क्रममा लेखा शाखाबाट आयव्यय विवरण अमर बहादुर थापा, योजना/प्रशासन/सूचना प्रविधि शाखाबाट चन्द्र सिं ऐडी, पूर्वाधार विकास शाखाबाट नरेश भट्ट, शिक्षा युवा तथा खेलकुद शाखाबाट तेज बहादुर खत्री, स्वास्थ्य शाखाबाट गोबिन्द बहादुर बिष्ट, महिला तथा बालबालिका शाखाबाट तुलसी पाण्डे, कृषि विकास शाखाबाट चन्द्र बहादुर सार्की, पशु सेवा शाखाबाट सुरत वादी, राजश्व र पञ्जीकरण शाखाबाट निर्मल भाट, आयुर्वेद शाखाबाट गोबिन्द धानुक, न्यायिक समितिबाट कल्पना कुमारी मडै, खानेपानी तथा सरसफाइ र विपद व्यवस्थापन शाखाबाट सुरेश चन्द, रोजगार शाखाबाट डम्बर बोहराले प्रस्तुतिकरण गर्नुभयो । उद्यम विकास शाखा, सहकारी शाखा र पोषण कार्यक्रमको भने कार्यक्रममा प्रस्तुतीकरण हुन सकेन ।

यस चरणमा सेवाग्राही र सेवाप्रदायकबीच खुला छलफल गरिएको थियो । छलफलमा उठेका सवालहरुको सम्वन्धित सरोकारवाला व्यक्तिहरुले जवाफ दिएका थिए । यसका साथै नागरिक प्रतिवेदन पत्र र बहिर्गमन अभिमतको प्रतिवेदनमाथि पनि छलफल भएको थियो भने अघिल्लो सार्वजनिक सुनुवाइमा आएका सुझावहरु कार्यान्वयको अवस्थाबारे पनि छलफल गरिएको थियो ।

Najar Media Pvt. Ltd. Dipayal Silgadhi-6 Doti

**औपचारिक कार्यक्रम सम्बन्धि विवरण**

अध्यक्षता : दुर्गादत्त ओझा (जोरायल गाउँपालिका अध्यक्ष तथा प्रमूख जवाफदेही वक्ता)

आशन ग्रहण (जवाफदेही वक्ताहरु) :

जमुना बोहरा (उपाध्यक्ष)
गणेशदत्त भट्ट (प्रमुख प्रशासकीय अधिकृत)
वडाध्यक्षहरु (वडा नं. १ देखि ६ सम्मका सबै)
कार्यपालिका सदस्यहरु सबै
वडा सदस्यहरु सबै
विभिन्न विषयगत शाखाका प्रमुखहरु
सहभागि सबै (सम्पूर्ण सहभागिको विवरण उपस्थिति पुस्तिका बमोजिम रहेको छ ।)

**सुनुवाइ गरिएका विषयवस्तुहरु :**

क) नीति, कार्यक्रम, बजेट र कार्यान्वयनको अवस्था ।
ख) सुशासन
ग) विकास निर्माण
घ) दैनिक प्रशासनिक कार्य
ङ) सेवा प्रवाहको अवस्था
च) लक्षित समुदाय विकास कार्यक्रम
छ) आयआर्जन/सीप विकास कार्यक्रम

**सार्वजनिक सुनुवाई पश्चातको चरण (समिक्षा तथा कार्ययोजना निर्माण चरण) :**

यस चरणमा सार्वजनिक सुनुवाई चरणको समीक्षाका साथै उक्त चरणमा आएका जिज्ञासाहरु, गुनासाहरुलाई सम्वोधन गर्नका लागि के गर्न सकिन्छ भन्ने विषयमा छलफल भएको थियो ।

**कार्यक्रम आयोजना स्थल :** जोरायल गा.पा.-३, रावतकट्टे स्थित खेलकुद हल ।

**कार्यक्रम आयोजना गरिएको मिति :** वि.सं. २०८१ साल असार ३० गते ।

**कार्यक्रम सन्चालन गरिएको समयावधि (घण्टा/मिनेटमा) :** ४ घण्टा (दिउँसो १:३० बजेदेखि बेलुकी ५:३० बजेसम्म ।

Najar Media Pvt. Ltd. Dipayal Silgadhi-6 Doti

CamScanner

**सार्वजनिक सुनुवाइ कार्यक्रममा उठेका प्रश्न, जिज्ञासा र उत्तर :**

| प्रश्नकर्ता | प्रश्न | उत्तरदाता | उत्तर |
|---|---|---|---|
| हरिहर शाहु<br>जोरायल गा.पा.-३<br>रावतकट्टे | १) बाहिरबाट आउने घुम्ती व्यापारीहरु र गाउँमा सोझा जनताहरु ठगिने अवस्थालाई कसरी नियमन गर्न सकिन्छ ? | जमुना बोहरा<br>उपाध्यक्ष | - घुम्ती व्यापारीहरुले पालिकालाई मासिक रु. ५०० भन्दा माथि राजश्व तिरेर व्यापार गर्न दिईएको छ भने वडाको हकमा वडाले नै रसिद काट्ने गरेको छ। |
| | | दुर्गादत्त ओझा<br>अध्यक्ष | - हरेक मानिसलाई व्यापार गर्न पाउने अधिकार छ। तर गाउँपालिका र सरकारी नियम अनुसार करको दायरामा ल्याउने र नियमन गर्ने काम हामीले गरिरहेका छौं।<br>- यदि कुनै पनि व्यापारीले ठगि गरेको प्रमाणित भएका कार्वाहीको दायरामा ल्याईनेछ। |
| | २) गाउँपालिकाले गर्ने खरिद प्रक्रियामा किन स्थानीयलाई प्राथमिकता दिईदैन ? | गणेशदत्त भट्ट<br>प्र.प्र.अ. | - गाउँपालिकाले खरिद गर्दा २० हजारसम्म पान बिल, १ लाखसम्म भ्याट बिल र १ लाखभन्दा माथि कोटेशनबाट खरिद गर्ने गरेको छ। त्यसमा सूचिकृत फर्महरुले आपुर्ती गर्ने गरेका छन्। |
| | ३) आ.व. २०८१/०८२ को खरिद शीर्षकमा कति खर्च भयो ? | | - मसलन्दमा सबै खरिद १८ लाख रुपैंया थियो। सबै रकम खरिदमा खर्च भएको छ। |
| मिन ब. रोकाया<br>शिक्षक<br>श्री घण्टेश्वर<br>उ.मा.वि. | १) गाउँपालिकाबाट कृषि विकास शाखा र पशु सेवा शाखामा किन कम बजेट विनियोजन हुन्छ ? | दुर्गादत्त ओझा<br>अध्यक्ष | - जोरायल गाउँपालिकाले पूर्वाधार विकासमा बजेट बढी खर्च गरेको यहाँहरुलाई थाहै छ। त्यसमा पनि सडक निर्माणमा धेरै लगानी लगाउनुपर्ने परिस्थिती भएका कारण कृषि तथा पशु सेवा क्षेत्रमा बजेट कम हुन गएको हो। संघ र प्रदेशले निकै न्यून बजेट दिने गरेको र गाउँपालिकाले आफ्नो बजेट क्षमता अनुसार काम गरेका छौं। |
| | २) कृषि पकेट क्षेत्र घोषणा मात्रै भएको तर निरन्तरता पाउन किन नसकेको हो ? | | - कृषि पकेट क्षेत्रमा पनि बजेटले भ्याएसम्म काम भैरहेको छ। जोरायले बासमतीको शुद्ध बिउँ उत्पादनका लागि विभिन्न सरकारी तथा गैह्र सरकारी संघसँस्थासँग समन्वय भैरहेको छ भने बजार व्यवस्थापनका लागि पनि पहल तथा समन्वय भैरहेको छ। |

Najar Media Pvt. Ltd.
Dipayal Silgadhi-6 Doti

| | | | |
|---|---|---|---|
| कटैनी देवी वादी<br>जोरायल ३<br>रावतकट्टे | १) हामी जस्ता वादी समुदाय लगाएत विपन्न वर्गका लागि किन बजेट छुट्याईंदैन ?<br>२) सेवा लिन जाँदा पूर्वाग्री व्यवहार किन गरिन्छ ? | चन्द्र बहादुर सार्की<br>ना.प्रा.स.<br>कृषि विकास शाखा | - विपन्न वर्गका लागि बजेट विनियोजन भएको छ । जग्गा लिजमा लिएर काम अगाडी बढाईएको छ । कुनै पनि सेवाग्राहीलाई पूर्वाग्रही व्यवहार गरिएको छैन र गर्नुहुँदैन । |
| ठक्कर बहादुर<br>कठायत<br>व्यवस्थापक<br>लक्ष्मी सरस्वती<br>बहुउद्धेश्यीय<br>सहकारी | १) हाम्रो गाउँपालिकामा सहकारी हेर्ने शाखा कहिले खुल्छ होला ? पालिकाको प्रस्तुतीमा पनि सहकारीको प्रस्तुती आउन सकेन । | दुर्गादत्त ओझा<br>अध्यक्ष | - गाउँपालिकामा सहकारी शाखा छ । कर्मचारी बाहिर भएकाले प्रस्तुतीमा आउन नसकेको हो । |
| प्रमोद कुमार<br>चौधरी<br>गड्सेरा<br>स्वास्थ्यचौकी | १) गड्सेरा स्वास्थ्यचौकीमा ल्याब कर्मचारी कहिले व्यवस्थापन हुन्छ ?<br>२) त्यहाँका कर्मचारी छिटो छिटो किन फेरिन्छन् ?<br>३) पालिकाको दुर्गम वडामा काम गर्ने कर्मचारीलाई सरुवा र प्रोत्साहनको योजना के छ ? | गणेशदत्त भट्ट<br>प्र.प्र.अ. | - गड्सेरा स्वास्थ्यचौकीमा गाउँपालिकाले ल्याब कर्मचारी छिट्टै पठाउनेछ ।<br>- कर्मचारी आउने जाने प्रक्रिया चलिरहन्छ । गड्सेराबाट १ जना कर्मचारी सरुवा हुँदा त्यहाँ २ जना पठाईएको छ । |
| | ४) स्वास्थ्य सामाग्री ढुवानी गर्ने कर्मचारीलाई किन T.O. भुक्तानी दिईएन ?<br>५) हालसम्म कर्मचारीहरुलाई कति T.O. वितरण गरिएको छ ? | गोबिन्द बिष्ट<br>संयोजक<br>स्वास्थ्य शाखा | - सबै जम्मा २ लाख ५० हजार रकम स्वास्थ्य सामाग्री ढुवानीका लागि विनियोजन गरिएको थियो । उक्त सबै रकम ढुवानीमा सकिएको छ । आगामी आ.व.मा T.O. भुक्तानी गरिनेछ । |
| सहजकर्ता | १) स्वास्थ्य सँस्थामा स्थायी कर्मचारीलाई व्यवास्ता गरी करारका कर्मचारीलाई जिम्मेवारी दिने गरेको गुनासो छ नि ? | गोबिन्द बिष्ट<br>संयोजक<br>स्वास्थ्य शाखा | - पहिल्यै देखि तह अनुसार कर्मचारीलाई जिम्मेवारी दिईंदै आएको अवस्था हो । कतिपय ठाउँमा सहमतीमै पनि इञ्चार्जसिपको जिम्मेवारी दिने गरिएको छ । |
| चित्रराज भट्ट<br>अध्यक्ष<br>नेकपा एमाले<br>जोरायल गा.पा.<br>कमिटि | १) खरिद शीर्षक र ठेक्काको रकम कसरी शत्प्रतिशत खर्च हुन्छ ? | नरेश भट्ट<br>इन्जिनियर | - हाम्रो कुनै पनि योजनामा शत्प्रतिशत खर्च भएको छैन । विभिन्न योजनाको उदाहरण हेर्न सकिन्छ । |
| | | गणेशदत्त भट्ट<br>प्र.प्र.अ. | - खरिदमा हामीलाई सामाग्री खरिद गर्न पैंसा नै पुग्दैन । नियमानुसार खरिद गर्नैपर्नेमा शत्प्रतिशत खर्च गरेका छौं । |
| | २) कृषि क्षेत्रमा रोग किरा नियन्त्रण गर्न के छ अवस्था ? | प्रदिप साउँद<br>शाखा प्रमूख<br>कृषि शाखा | - जोरायल गाउँपालिकाको प्राङ्गारिक खेती प्रवर्द्धन गर्ने नीति अनुसार कृषि विकास शाखाबाट जैविक विषादी |

Najar Media Pvt. Ltd.
Dipayal Silgadhi-6 Doti

| | | | |
|---|---|---|---|
| चित्रराज भट्ट<br>अध्यक्ष<br>नेकपा एमाले<br>जोरायल गा.पा.<br>कमिटि | - | - | वितरण गर्ने गरिएको छ । जुनसुकै बेला उपलब्ध छ । |
| | ३) राष्ट्रिय परिचय पत्र वितरणका लागि पहल के छ ? | दुर्गादत्त ओझा<br>अध्यक्ष | - राष्ट्रिय परिचय पत्र हाम्रो कार्य क्षेत्रभित्र पर्दैन । गृहमन्त्रालय अन्तरगत जिल्ला प्रशासन कार्यालयले यसको काम गर्दछ । तर पनि छिटोछरितो र जनताको सहजताका लागि पहल समन्वय हुँदै आएको छ । |
| | ४) उद्योग वाणिज्य तथा आपुर्ती मन्त्रालयबाट आएको घरेलु तथा साना उद्योग प्रवर्द्धन तथा प्रविधि हस्तान्तरणका लागि २५ लाखको कार्यक्रम अन्तरगत गाउँपालिकाले सीप नसिकाएरै मेशिन वितरण गरेको पाईएको छ । यसो किन गरेको हो ? विधि प्रक्रिया मिलेको जस्तो लागेन । | दुर्गादत्त ओझा<br>अध्यक्ष | - उद्योग वाणिज्य तथा आपुर्ती मन्त्रालयबाट आएको सिप विकास सम्बन्धी तालिमको २५ लाखको बजेटको खुब हल्लाखल्ला भयो । कतिपयले हामी गर्छौं काम भन्दै आए तर काम गरेनन् । हामीले २ पटक सूचना निकाल्यौं । त्यसपछि बजेट फ्रिज जानुभन्दा हामीले मेशिन, उपकरणहरु खरिद गरेर वितरण गरेका छौं । आरन व्यवसायी, टेलरिङ्ग व्यवसायीलाई र आटाचक्की मिल व्यवसायीलाई मेशिन तथा औजार खरिद गरेर लक्ष्यि त वर्गलाई नै वितरण गरिएको हो । |
| | ५) गाउँपालिकाको बेरुजुबारे वास्तविकता के हो ? | गणेशदत्त भट्ट<br>प्र.प्र.अ. | - विगत केहि वर्ष पहिलेको २ आर्थिक वर्षको बेरुजु फच्र्यौटमा ध्यान दिन नसक्दा बेरुजु सर्दै आएकाले बढी देखिएको छ । अन्य वर्षमा कन्ट्रोल हुँदै गएको छ । उपभोक्ता समूहले सडकमा डोजर लगाउँदा बेरुजु बढी देखिएको छ । गत आ.व.देखि कार्यदल बनाएरै हामी बेरुजु घटाउन लागिरहेका छौं । विद्यालयमा इन्टरनेट खरिद प्रक्रिया नमिलेकाले र सामुदायिक वनको राजश्व उठ्न नसकेकाले पनि बेरुजु देखिएको छ । हामी बेरुजु घटाउन निरन्तर लागिरहेका छौं । |
| | ६) युवा उद्यमशिलता अन्तरगत अन्तरगत ९ लाख रकम मध्ये के के काम भयो ? के केमा खर्च भयो ? | डम्बर बोहरा<br>रोजगार<br>संयोजक | - ९ लाख बजेट कार्यस्थलमा सीप विकास तालिम हो । कुनै योजनाको लागि थिएन । हामीले ७५ जना बेरोजगारहरु लाई काममा लगाएका थियौं । उनिहरुलाई टेक्निकल टिम |

Majar Media Pvt. Ltd. Dipayal Silgadhi-6 Doti

| | | | |
|---|---|---|---|
| | - | - | आएर फिल्डमै सिप सिकाएको छ । जस अन्तरगत ६ लाख १५ हजार खर्च भएको हो । बाँकी जीवनउपयोगी सीप सम्बन्धी १० दिने तालिम सञ्चालन हुन नसकेकाले रकम खर्च हुन सकेन । |
| | ७) ब्रोड ब्यान्ड इन्टरनेट खरिदको बेरुजुमा कतै कुनै जनप्रतिनिधी वा कर्मचारीको बदमासीका कारण त होइन ? | तेजबहादुर खत्री शिक्षा अधिकृत | - टेलिकमसँग समन्वय गरी साङ्ग्रीला नामक कम्पनीले देशका अधिकांश पालिकाका विद्यालयमा इन्टरनेट सेवा वितरण गर्ने सहमती गर्दै पछि ढाँटेको पाईएको छ । गाउँपालिकाको खातामा रकम आउनुभन्दा अगाडी नै इन्टरनेट सामाग्री वितरण गरेको छ । जोरायलमा ४५ वटा विद्यालयसँग सम्झौता गरेर रकम भुक्तानी लिएको छ । पालिकाका वा कुनै कर्मचारीको यसमा बदमासी छैन । सबै मिलेर साङ्ग्रीलाको नाममा मुद्धा हाल्नुपर्छ । यसको रकम जुन बेरुजु आएको छ । यो असुल उपर गर्नुपर्ने नभईकन प्रक्रिया नमिलेको बेरुजु रहेको छ । |
| | ८) राजश्व लक्ष्य अनुसार किन संकलन सकेको छैन ? | जमुना बोहरा उपाध्यक्ष | - गत आ.व.२०८०/८१ मा अनुमान भन्दा राजश्व संकलन भएका कारण हामीले आ.व.२०८१/८२ मा लक्ष्य बढी राखेका थियौं । तर कम संकलन भयो । ढुङ्गा, गिट्टी, बालुवाको टेन्डर नपरेर राजश्व उठ्न सकेन भने सामुदायिक वनबाट स्थानीय तहलाई आउने १० प्रतिशत रकम उठ्न नसकेकाले राजश्व उठ्न नसकेको हो । |
| जितेन्द्र बोहरा जोरायल गाउँपालिका ४ | १) स्वास्थ्य बिमा कार्यक्रम किन प्रभावकारी हुन सकेन ? | दुर्गादत्त ओझा अध्यक्ष | - विभिन्न वडाहरुमा स्वास्थ्य बिमा अभिकर्ताहरु छन् । बिमा गर्ने मानिसहरुले चासो नदेखिएकाले बिमा गराउने र सेवा लिनेको संख्या सोचे अनुसार देखिदैन । बिमा गर्ने मान्छेले सम्पर्क गरेर सेवा लिनुपर्छ । |
| | २) जोरायल गाउँपालिकामा आर्या कम्पनीका मात्रै औषधी किन खरिद गरिन्छ ? | गोबिन्द बिष्ट संयोजक स्वास्थ्य शाखा | - हामीले नियमानुसार खरिद प्रक्रिया पूरा गरी औषधी लगाएत सबै चिज खरिद गर्ने गरेका छौं । आगामी दिनमा स्वास्थ्यको आफ्नै फार्मेसी सञ्चालन गर्ने तयारी छ । |

Najar Media Pvt. Ltd. Dipayal Silgadhi-6 Doti

CamScanner

| | | | |
|---|---|---|---|
| जितेन्द्र बोहरा जोरायल गाउँपालिका ४ | ३) विभिन्न डिपिआरमा कति रकम खर्च भयो ? डिपिआर भएपछि त्यहाँ किन बजेट विनियोजन भएन ? | दुर्गादत्त ओझा अध्यक्ष | - डिपिआरको प्रसङ्गमा जोरायल गाउँपालिकाले डिपिआर कम गरेको अवस्था हो । संघीय र प्रदेश सरकारको समपूरक बजेटका लागि डिपिआर अनिवार्य गरिएपछि गर्नैपर्ने अवस्थामा डिपिआर गरिएको छ । सोही अनुसार काम पनि भएको छ । कर्नाशा नदि नियन्त्रण, कोटेली, कुमरा तटबन्ध, छहरा झरनाको भौतिक पूर्वाधार विकास लगाएत कामहरु भैरहेका छन् । संघीय र प्रदेश सरकारको नियम अनुसार फेरि केहि डिपिआर अँझै गर्नुपर्ने छ । |
| | ४) बगरखेतीमा बढी लगानी भयो र सबै क्षेत्रमा किन खेती गरिएन ? | दुर्गादत्त ओझा अध्यक्ष | - बगर खेतीको लक्ष्य उद्धेश्य ठूलो छ । यो जोरायल गाउँपालिकाको १० वर्षसम्म सञ्चालन हुने गौरवको योजना हो । समूहलाई जिम्मेवारी दिएर काम भैरहेको छ । यो वर्ष परीक्षण गरिएको छ । यसलाई आगामी वर्षमा थप विस्तार गर्ने योजना छ । बगर खेतीमार्फत कृषिमा नविनतम प्रयोग गर्न खोजिएको छ । |
| | ५) कृषिको बजेटले द्रोपती चौतारो निर्माण किन गरियो ? | दुर्गादत्त ओझा अध्यक्ष | - कृषिको बजेटले द्रोपती चौतारो निर्माण किन गरियो भन्ने सन्दर्भमा यो जलवायु परिवर्तन सम्बन्धी कार्यक्रम अन्तरगत निर्माण गरिएको हो । चौतारोमा ढुङ्गा मात्रै नभएर रुख रोपिनेछ । पर्यावरणीय सन्तुलनका लागि पनि चौतारो महत्वपूर्ण छ । |
| | ६) कृषिका स्थायी कर्मचारी अन्यत्र पठाएर करार कर्मचारीलाई किन जिम्मेवारी दिईएको हो ? | दुर्गादत्त ओझा अध्यक्ष | - कृषि शाखामा खुल्ला विज्ञापनबाट भर्ना भएकै कर्मचारी शाखा प्रमूख रहेको र अनुभवी कर्मचारीले शाखामा काम गरिरहेको अवस्था छ । |
| | ७) कृषि विकास शाखाले वितरण गरेका ओखरका विरुवाले फल दिएनन् किन ? | चन्द्र बहादुर सार्की ना.प्रा.स. | - विगत केहि वर्ष पहिले डोटी र डडेल्धुरामा एउटै रहेको कृषि ज्ञान केन्द्र अन्तरगत वितरण गरिएका थिए । तर हामी मार्फत वितरण गरिएको सत्य हो । अरु ठाउँमा पनि यो गुनासो छ । |
| | ९) सरस्वतीनगर प्राथमिक स्वास्थ्य केन्द्रको अलपत्र भवन अब के हुन्छ ? | दुर्गादत्त ओझा अध्यक्ष | - सरस्वतीनगर प्राथमिक स्वास्थ्य केन्द्रको भवन निर्माणको काम राजेन्द्र निर्माण सेवाले जिम्मा लिएर पेश्कि |

Najar Media Pvt. Ltd. Dipayal Silgadhi-6 Doti

CamScanner

| | | | |
|---|---|---|---|
| - | - | - | लिएको थियो । तर काम नभएपछि बेरुजु आएको छ । अब अन्तिम पटक जोरायल गाउँपालिकाको लेखा समितिबाट उक्त निर्माण सेवालाई पत्राचार गर्ने जोरायल गाउँपालिकाको तयारी छ । |

**सार्वजनिक सुनुवाई कार्यक्रमबाट आएका सुझावहरु :**

- राजश्व लक्ष्य अनुसार संकलनमा जोड दिनुपर्ने ।
- कृषि संकलन केन्द्र र कोल्ड स्टोर निर्माण गरिनुपर्ने ।
- वृक्षारोपण गरिनुपर्ने ।
- पालिकाको आन्तरिक श्रोत खोज्नुपर्ने ।
- विषयगत शाखाको अनुगमनमा कडाई गरिनुपर्ने ।
- जग्गाधनीको शेषपछि नागरिकता नभई मालपोत कर तिर्न नपाएको ।
- वडा नं. ५ र ६ को हकमा नेटको समस्याका कारण वडाबाट हुने कार्यसम्पादन प्रभावित भएको ।
- राष्ट्रिय र प्रादेशिक योजना अन्तरगर्तका विकास निर्माणका कार्यहरुमा ढिलासुस्ती भैरहेको ।
- लक्षित वर्गका लागि सञ्चालन हुने कार्यक्रममा नयाँपन ल्याउनुपर्ने ।
- असारे योजनाहरुलाई निरुस्ताहित गर्नुपर्ने ।
- योजनाको अनुगमन प्रभावकारी हुनुपर्ने ।
- राजश्वमा हेरफेर गर्नुपर्ने र करदाताहरुका लागि सहुलियत प्रदान गर्नुपर्ने ।
- सडक र विद्युत नियमित सञ्चालन हुनुपर्ने ।
- सार्वजनिक शौचालय, खानेपानी र फोहरमैला व्यवस्थापनको दिगो रणनीति तयार गर्नुपर्ने ।
- टोल भेलाबाट छनौट भएका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने ।
- छतिवन छहरा झरना लगायत धार्मिक पर्यटकीय क्षेत्रको संरक्षण, विकास र प्रचारप्रसार योजना तयार गर्नुपर्ने ।
- बालअधिकार संरक्षण बालमैत्री गाउँपालिका रणनीति बनाउनुपर्ने ।
- बालबिवाह र घरेलु हिंसा अन्त्यका क्रियाकलाप गर्नुपर्ने ।
- घण्टेश्वर माविको खेल मैदान निर्माण कार्य छिटो सम्पन्न गर्नुपर्ने ।
- विपद् पूर्वतयारी र सुरक्षित बसोबास व्यवस्थापन गर्नुपर्ने ।
- युवा लक्षित स्वरोजगार कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- पशु र कृषिको बुडरमा रहेको कार्यालयमा न्यून बजेट रहेकोले वृद्धि गरिनुपर्ने ।
- स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार सुधार र उपकरणको प्रबन्ध मिलाउनुपर्ने ।
- कृषि विमा र स्वास्थ्य विमा प्रभावकारी बनाउनुपर्ने ।
- व्यवसायिक कृषकहरुका लागि ठोस कार्यक्रम सञ्चालन गरिनुपर्ने ।
- स्थानीय उत्पादनलाई प्राथमिकता, कृषि पाठशाला र रोग किरा व्यवस्थापन गरिनुपर्ने ।
- रैथाने वाली संरक्षण गरिनुपर्ने ।

Najar Media Pvt. Ltd. Dipayal Silgadhi-6 Doti

- किसान सूचीकरण, बिउँ उत्पादन र भण्डारण, कृषि उपज बजारीकरणमा जोड दिनुपर्ने ।
- माथिल्लो तहको कर्मचारी र स्थायी कर्मचारी हुँदा पनि तल्लो तहको कर्मचारी र करार कर्मचारीलाई प्रमुखको जिम्मेवारी दिएकोमा सुधार गर्नुपर्ने ।

**अघिल्लो सार्वजनिक सुनुवाईमा आएका सुझाव कार्यान्वयनको अवस्था :**

| प्राप्त सुझावहरु | कार्यान्वयनको अवस्था |
|---|---|
| स्वास्थ्य र कृषिमा स्थायी कर्मचारी भएर पनि करार कर्मचारीलाई प्रमूखको जिम्मेवारी दिईएकाले समस्या देखिएको हुँदा सुधार हुनुपर्ने । | नियमानुसार जिम्मेवारी दिईएको |
| बाल विकासका लागि खेलकुद तथा अन्य सामाग्री सहयोग गर्नुपर्ने । | भैरहेको |
| स्वास्थ्य सँस्थामा रहेका उपकरणहरु बेला-बेला बिग्रिने गरेको । तर मर्मतका लागि बजेट अभाव हुँदा समयमै मर्मत गरी सेवा सुचारु गर्न असहज भैरहेको । | भैरहेको |
| बाढी, पहिरो, वन डढेलो नियन्त्रण गर्न ठोस कार्यक्रम सञ्चालन गर्नुपर्ने । | कार्यक्रम सञ्चालन भैरहेको |
| पानी परीक्षण कार्यक्रम सञ्चालन गरिनुपर्ने । | स्वास्थ्य कार्यालयमार्फत भएको |
| जोरायल क्षेत्रमा चल्ने सवारी साधनको भाडा र समय मनोमानी भएकाले एकरुपता कायम गरिनुपर्ने । | स्थानीय यातायात समितिसँग समन्वय भैरहेको |
| सडक निर्माण गर्दा फिजिबिलिटी अध्ययन बिना निर्माण हुने गरेकोले त्यसमा सुधार हुनुपर्ने । | नियमानुसार भैरहेको |
| विद्यालयमा वितरित इन्टरनेट सुविधा प्रभावकारी नदेखिएकाले सेवा प्रदायक कम्पनीले नियमित सेवा प्रवाहमा जोड दिनुपर्ने । | समन्वय भैरहेको |
| स्थानीय सरकार र प्रदेश सरकारले वन पैदावार बिक्रिमा आ-आफ्नै तरिकाले कर लिने गरेकोले एकरुपता हुनुपर्ने । | समन्वय भैरहेको |
| केहि कर्मचारीहरु कार्यालयमा नियमित नहुने गरेको र बोलीचाली तथा काम गर्ने शैलीमा सुधार गर्नुपर्ने । | हाल कुनै गुनासो नरहेको |
| पशुपंक्षी विकास कार्यक्रममा बजेट न्यून भएकोले आगामी वर्षमा थप गरिनुपर्ने । | श्रोत अनुसार बजेट विनियोजन भैरहेको |
| पशु बिमा विस्तार गरिनुपर्ने र प्रिमियम बिमा छुट वर्षभरी नै गरिनुपर्ने । | भैरहेको |
| कृषक तथा पशुपालक किसानलाई तालिम, भ्रमण र प्रदर्शनी कार्यक्रमलाई निरन्तरता दिनुपर्ने । | भैरहेको |

Najar Media Pvt. Ltd. Dipayal Silgadhi-5 Doti

CamScanner

| | |
|---|---|
| प्राङ्गारिक मल तथा स्थानीय जैविक मलको प्रयोगमा जोड दिनुपर्ने । | नियमित भैरहेको |
| युवा स्वरोजगारमा जोड दिनुपर्ने । कृषि विषय पढेकाहरुलाई स्थानीय स्तरमा परिचालनको वातावरण सिर्जना गरिनुपर्ने । | भैरहेको र थप निरन्तरता दिइने |
| पढाइमा उत्कृष्ट विद्यार्थीहरुलाई गाउँपालिकाबाट छात्रवृत्तिको व्यवस्था गरिनुपर्ने । | विद्यालयले गरिरहेको |
| वडा कार्यालयमा चाहिनेभन्दा बढी जनशक्ति भएकाले करार कर्मचारीको व्यवस्थापनका साथै संख्या घटाउनुपर्ने । | आवश्यकता अनुसार जनशक्ति राखेर सेवा दिने काम भैरहेको |
| गाउँपालिकाले निर्माण गरेका नीति, नियम, कार्यविधीहरु प्रभावकारी कार्यान्वयन गरिनुपर्ने । | सोहि बमोजिम भैरहेको |
| विद्यालयमा दिवा खाजा कार्यक्रमका लागि प्रति विद्यार्थी रु.१५ मात्रै रहेकाले गाउँपालिकाले पनि रु.१५ थप गरी रु.३० पुर्‍याउनुपर्ने । | निरन्तरता रहेको |
| योजना छनौटमा पारदर्शिता र सबैको सहभागिता बढाउनुपर्ने । | भैरहेको |
| शिक्षक तलब मासिक रुपमा प्रदान गरिनुपर्ने र शिक्षकलाई क्षमता अभिवृद्धि तालिम प्रदान गरिनुपर्ने । | पूर्ववत रुपमा भैरहेको |
| गाउँपालिकाको प्रत्येक वर्ष बेरुजु देखिने गरेकाले बेरुजु घटाउन रणनीति तयार गरि लागु गर्नुपर्ने । | कार्य दल नै तयार गरी बेरुजु घटाउने काम भैरहेको |
| विपन्न वर्गका लागि पोषण योजना र पोषण स्वास्थ्य परीक्षणको व्यवस्था मिलाउनुपर्ने । | भैरहेको |
| सार्वजनिक सुनुवाईमा आएका सुझावहरु कार्यान्वयन गरिनुपर्ने । | भैरहेको |
| गाउँपालिका स्तरमा दन्त उपचार सेवा, नाक, कान, घाँटी उपचार केन्द्र स्थापना गरिनुपर्ने । | पहल भैरहेको |
| करार कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनका आधारमा मात्रै म्याद थप गरिनुपर्ने र करार कर्मचारीको संख्या घटाउनुपर्ने । | कार्यसम्पादन नभए तापनि आवश्यक जनशक्ति करारमा राखिएको |
| उपलब्धी प्रभावकारी नदेखिएका कार्यक्रमहरु कटौती गरिनुपर्ने । | भैरहेको |
| गाउँपालिका क्षेत्रभित्र विद्युतीकरण हुन बाँकी क्षेत्रमा विद्युत विस्तार र केन्द्रिय प्रसारण लाइन जोडिनु पर्ने | निरन्तर भैरहेको |
| विद्यालयमा गाउँपालिकाको अनुदान बढाउनुपर्ने । | श्रोत अनुसार भैरहेको |
| स्वास्थ्य संस्था, कृषि, पशु सेवा लगाएत क्षेत्रमा औषधी, यन्त्र उपकरण, बिउँबिजन आदिका लागि बजेट बृद्धि गरिनुपर्ने । | श्रोत अनुसार भैरहेको |
| योजनाहरुको रकमान्तरण रोकिनुपर्ने र प्राविधिक स्टमेट अनुसार | नियमानुसार काम भैरहेको |

Media Pvt. Ltd. Dipayal Silgadhi-6 Doti

CS CamScanner

| | |
|---|---|
| मात्रै योजना कार्यान्वयन हुनुपर्ने । | |
| विभिन्न दिवस तथा अभियानहरु साँस्कृतिक कार्यक्रममा मात्रै सिमित हुने गरेकाले ठोस कार्यक्रम गरिनुपर्ने । | आवश्यकता अनुसार भैरहेको |
| पहुँचका आधारमा, नातागोताका आधारमा बजेट, कार्यक्रम तथा कर्मचारी नियुक्ति रोकिनुपर्ने । | त्यस्तो कहिल्यै नभएको |
| उत्कृष्ट किसानलाई र कर्मचारीलाई सम्मान गरिनुपर्ने । | भैरहेको |
| एसइइ दिएर बसेका विद्यार्थीहरुलाई ब्रिज कोर्स तथा कम्प्यूटर तालिममा सहयोग गर्नुपर्ने । | नभएको |
| व्यवसायिक कृषि फर्मलाई कृषि औजार सहयोग गर्नुपर्ने । | भैरहेको |
| नदिजन्य सामाग्री जथाभावी उत्खनन रोकिनुपर्ने र करको दायरामा ल्याउनुपर्ने । | टेन्डर खोले तापनि टेन्डर हुन नसकेको |
| गाउँपालिकाको आम्दानीका सम्भावित श्रोत पहिचान गरी करको दायरा बढाउनुपर्ने । | भैरहेको |
| सरस्वतीनगर प्राथमिक स्वाथ्यकेन्द्र भवन निर्माणका लागि दिईएको पेश्कि फिर्ता र सम्झौता रद्द गरी तत्काल भवन निर्माणका लागि पहल गरिनुपर्ने । | लेखा समितिमार्फत अन्तिम पत्राचार गर्ने तयारी रहेको |
| जोरायल क्षेत्रमा इन्टरनेट, टेलिकम, विद्युत सेवा प्रभावकारितामा जोड दिनुपर्ने । | भैरहेको |
| सम्पूर्ण सार्वजनिक कार्यालयमा नागरिक बडापत्र अनिवार्य राखिनुपर्ने । | राखिएको |
| वैदेशिक रोजगारमा जानेहरुका लागि परामर्श सेवा प्रदान गरिनुपर्ने । | छुट्टै कार्यक्रम नभएको |
| ओडारको बासबाट उद्धार गरी ल्याईएका बालबालिका सहित उनको परिवारको समस्या स्थायी समाधानका लागि पहल गरिनुपर्ने । | भैरहेको |
| सडक निर्माण गर्दा प्राविधिकको प्रत्यक्ष निगरानीमा गरिनुपर्ने । उदारोमा योजना कार्यान्वयन रोखिनुपर्ने । | नियमानुसार काम भैरहेको |
| हरेक अनुगमनका राय सुझावहरु कार्यान्वयनमा जोड दिनुपर्ने । | भैरहेको |

**अन्त्यमा,**

जोरायल गाउँपालिकाले सुशासन, पारदर्शिता, जवाफदेहिताका साथै रचनात्मक सुझाव सहितको मार्गदर्शन र आगामी कार्ययोजना निर्माण तथा कार्यान्वयनका लागि सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण जस्ता औजारको निरन्तर प्रयोग गर्दै आएको पाइएको छ । जस अनुसार जोरायल गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा तेश्रो चौमासिक (वार्षिक) सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न

गरेको छ । जोरायल गाउँपालिकाको सार्वजनिक सुनुवाइ कार्यविधी बमोजिम नियमित ३ पटक र फरक-फरक स्थानमा कार्यक्रम सम्पन्न गर्नु सकारात्मक प्रयास हो । कार्यक्रममा गाउँपालिकाभित्र कार्यरत संघसँस्थालाई पनि अनिवार्य सहभागि गराउन जरुरी छ । यसैगरी योजना तथा बजेट कार्यान्वयनका सन्दर्भमा सार्वजनिक सुनुवाईमार्फत महत्वपूर्ण सुझावहरु पनि आएका छन् । ति सुझावहरुको कार्यान्वयन गर्ने जिम्मेवारी गाउँपालिकाको नै हो । जनताका स्वभाविक गुनासाहरु सम्बोधन गर्न सके सुशासन कायम राख्न सकिन्छ भने आगामी दिनका लागि गुनासा न्यूनिकरण गर्न सकिन्छ ।

सार्वजनिक सुनुवाई कार्यक्रमको सहजीकरण गर्न यस नजर मिडिया प्रा.लि. डोटीलाई अवसर प्रदान गरेकोमा जोरायल गाउँपालिकाप्रति हार्दिक आभार व्यक्त गर्दछौं । साथै कार्यक्रमलाई सहज बनाउनमा सहयोग गर्नुहुने गाउँपालिकाका अध्यक्ष दुर्गादत्त ओझा, उपाध्यक्ष जमुना बोहरा, प्रमुख प्रशासकीय अधिकृत गणेशदत्त भट्ट, वडा वडाध्यक्षहरु, अन्य जनप्रतिनिधिहरु, शाखा प्रमुखहरु, कर्मचारीहरु र सम्पूर्ण सहभागि महानुभावहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दै निरन्तर सहकार्य र सहयोगको अपेक्षा गर्दछौं ।

.............................

झलक पाली

(प्रतिवेदक एवं सम्पादक)

नजर मिडिया प्रा.लि.

डोटी

Najar Media Pvt. Ltd. Dipayal Silgadhi-6 Doti

CamScanner

जोरायल गाउँपालिका डोटीको आ.व.२०८१/०८२ को वार्षिक सार्वजनिक सुनुवाइ कार्यक्रमका फोटोहरु :




कार्यक्रममा प्रमूख जवाफदेहि वक्ता अध्यक्ष श्री दुर्गादत्त ओझा र अन्य जवाफदेहि वक्ताहरु



सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागिहरु ।

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकट्टे, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

Najar Media Pvt. Ltd.
Dipayal Silgadhi-6 Doti


CamScanner



सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागिहरु ।









सार्वजनिक सुनुवाइ कार्यक्रममा केहि प्रश्नकर्ता र जवाफदाताहरु ।

कार्यक्रम बारे सूचना प्रकाशन, लाइभ प्रसारण र प्रकाशित समाचारका केहि लिंकहरु :

१) https://www.youtube.com/live/WbiDpACj1k4?si=EWI4OtbWgilzAWNx

२) https://www.facebook.com/share/v/199G52LX4T/

३) https://najaronline.com/6357/

४) https://athotkhabar.com/archives/4737

Najar Media Pvt. Ltd. Dipayal Silgadhi-6 Doti

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकट्टे, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३